कालिञ्चोक गाउँपालिका
Kalinchok Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
(प्रशासन शाखा)

पत्र संख्या:- २०७८/७९
चलानी नं.:- ४२०

सुनखानी, दोलखा
बागमती प्रदेश, नेपाल
मितिः २०७८/०८/०६

विषयः **कोभिड-१९ को माहामारीबाट प्रभावित अतिविपन्न परिवारको विवरण सम्बन्धमा।**

श्री वडा कार्यालय (सबै)
कालिञ्चोक गाउँपालिका, दोलखा।

उपर्युक्त सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको च.नं. १५९ को पत्रानुसार तपसिलका संलग्न कागजात बमोजिम कोभिड-१९ को प्रभावबाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका अतिविपन्न परिवारलाई चालु आर्थिक वर्षमा राहत स्वरुप नगद अनुदान प्रदान गर्ने प्रयोजनार्थ ताँहा वडाभित्र रहेका कोभिड-१९ को माहामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धी अर्थ मन्त्रालयको मिति २०७८/०७/२५ को सूचना बमोजिम योग्य रहेका परिवारको कुनै एक मात्र सदस्यले कोभिड-१९ को माहामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८ को अनुसूची २ बमोजिमको ढाँचामा मिति २०७८/०८/०९ गतेसम्म निवेदन लिनुहुन तथा निवेदन वडा कार्यालयसम्म लिनको लागि योग्य परिवारलाई सहजीकरण गरिदिनुहुन अनुरोध गरिन्छ।

**तपसिल**

१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १५९ मिति २०७८/०७/२५ को पत्र।
२. अर्थ मन्त्रालयको च.नं. ३३ मिति २०७८/०७/२५ को पत्र।
३. मिति २०७८/०७/२५ को सूचना।
४. कोभिड १९ को माहामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची २।
५. कोभिड १९ को माहामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धी कार्यविधि, २०७८

(नवराज ओली)
प्रमुख प्रशासकीय अधिकृत
नवराज ओली
प्रमुख प्रशासकीय अधिकृत

Email: kalinchokrmdolakha@gmail.com
Website: www.kalinchowkmun.gov.np

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ

फोन नं. ४२००३१६
www.mofaga.gov.np
Email:cdms.mofaga@gmail


प.सं.:-२०७८/७९
च.नं.:-१५९

मितिः २०७८/०७/२५

विषयः कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धमा।

श्री गाउँपालिका/नगरपालिका (सबै)।

अर्थ मन्त्रालय, वित्तीय संघीयता समन्वय महाशाखाको च.नं. ३३, मिति २०७८/०७/२५ को पत्र मार्फत कोभिड-१९ को प्रभावबाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका अतिविपन्न गरिब पाँच लाख परिवारलाई चालु आर्थिक वर्षमा राहत स्वरुप नगद अनुदान प्रदान गर्ने नेपाल सरकारको कार्यक्रम कार्यान्वयनको सम्बन्धमा स्वीकृत **"कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८"** र मिति २०७८/०७/२५ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सुचनाको सन्दर्भमा प्रस्तुत पत्र प्रेषित गरिएको छ। अतः उपरोक्त कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत कार्यविधि तथा सूचना तहाँ कार्यालयको वेभसाईट तथा सूचनापाटीमा प्रकाशन गरी आवश्यक सहयोग, समन्वय र सहजिकरण गिरदिनुहुन आदेशानुसार अनुरोध छ।

संलग्नः
१. अर्थ मन्त्रालय, वित्तीय संघीयता समन्वय महाशाखाको च.नं. ३३, मिति २०७८/०७/२५ को पत्रको प्रतिलिपी.
२. कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८
३. मिति २०७८/०७/२५ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनाको प्रति

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधी शाखा, (वेभसाईटमा अपलोड गरिदिनुहुन),
श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै (आवश्यक समन्वयको लागि),
श्री अर्थ मन्त्रालय, वित्तीय संघीयता समन्वय महाशाखा, सिंहदरबार, काठमाण्डौं ।

नेपाल सरकार

# अर्थ मन्त्रालय

वित्तीय संघीयता समन्वय महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः- २०७८/७९
च. नं.:- ३२

मिति २०७८/०७/२५

विषय: कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धी सूचना।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौं ।

कोभिड-१९ को प्रभावबाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका अतिविपन्न गरिब ५ लाख परिवारलाई चालु आर्थिक वर्ष २०७८/७९ मा राहत स्वरूप एक पटकका लागि प्रति परिवार रू.१० हजारका दरले नगद अनुदान प्रदान गर्ने नेपाल सरकारको कार्यक्रम कार्यान्वयन गर्न **"कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८"** स्वीकृत भई नेपाल राज पत्रमा मिति २०७८/०७/१५ मा प्रकासित भई सकेको छ। उक्त कार्यविधि बमोजिम नगद हस्तान्तरण गर्न योग्य लाभग्राहीहरुको लागि यस मन्त्रालयको मिति २०७८/०७/२३ को निर्णय अनुसार मिति २०७८/०७/२५ को गोरखापत्र राष्ट्रिय दैनिक र अर्थ मन्त्रालयको WebSite; www.mof.gov.np मा सूचना प्रकासित भई सकेको हुदाँ उक्त सूचना तहाँ मन्त्रालय मार्फत स्थानीय तहहरुमा समेत प्रकाशन गर्न पत्राचार गरिदिनुहुन सूचनाको प्रति र कार्यविधिको सफ्टकपी समेत यसै साथ संलग्न गरी पठाईएको ब्यहोरा निर्णयानुसार अनुरोध छ।

संलग्न

१. सूचनाको प्रति
२. कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८ को सफ्टकपी

(कुमारी सैजु)
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३०
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण सम्बन्धी सूचना

(प्रकाशित: २०७८/७/२५)

कोभिड-१९ को प्रभावबाट रोजगारी र आय आर्जनको अबसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा रहेका अतिविपन्न गरिब ५ लाख परिवारलाई चालु आर्थिक वर्ष २०७८/७९ मा राहत स्वरूप एक पटकका लागि प्रति परिवार रू.१० हजारका दरले नगद अनुदान प्रदान गर्ने नेपाल सरकारको कार्यक्रम रहेको छ । त्यस्तो अनुदान प्राप्त गर्न तल खण्ड (क)मा उल्लेखित मापदण्ड भित्र पर्ने र खण्ड (ख) बमोजिम अयोग्य नभएको देहाय बमोजिमका परिवारको कुनै एक मात्र सदस्यले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफू स्थायी वा अस्थायी (न्यूनतम विगत ६ महिनादेखि) रूपमा बस्दै आएको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा **"कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८" को** अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**(क) नगद राहत प्राप्त गर्न योग्य लाभग्राही:**

(१) विगतमा गर्दै आएको रोजगारी पूर्णरूपमा गुमाएको र रोजगारीको अर्को अवसर समेत प्राप्त गर्न नसकी बेरोजगार भएको असङ्गठित क्षेत्रको मजदुर वा कामदार,
(२) खुला सडक, फुटपाथ वा चौरमा खर्पन, नाङ्लो, डोको आदिमा सामान बेच्ने अति विपन्न व्यवसायी,
(३) दैनिक ज्याला-मजदुरी गर्ने भरिया, कृषि मजदुर, गोठाला, खेताला, ज्यालादारी श्रमिक, रिक्साचालक, ठेलागाडा मजदुर, सार्वजनिक यातायातका मजदुर, पर्यटक भरिया,
(४) कोभिड-१९ सङ्क्रमणको कारणबाट एकाघरपरिवारको आयआर्जन गर्ने मुख्य सदस्यको मृत्यु भई आर्थिक सङ्कट झेल्नु परेको परिवार तथा अभिभावक गुमाएका असहाय नाबालकलाई स्याहार गर्ने परिवार।

**(ख) नगद राहत प्राप्त गर्न अयोग्य परिवार:**

(१) निवेदन दिंदाको समयमा निवेदकको एकाघरपरिवारका कुनै सदस्यले सरकारी, निजी वा अन्य कुनै सङ्घसंस्था वा वैदेशिक रोजगारीमा स्थायी, अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आयआर्जन गरिरहेको,
(२) परिवारको कुनै सदस्यले नेपाल सरकारबाट उपलब्ध हुने अन्य सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, दलित वा अपाङ्ग) बापतको भत्ता वा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थाबाट निवृत्तभरण वा विदेशी सरकारबाट पेन्सन सुविधा प्राप्त गरिरहेको,
(३) सञ्चित आय वा पैत्रिक सम्पत्तिबाट तत्कालको खर्च आवश्यकता पूरा गर्न सक्ने अवस्थामा रहेको,
(४) प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यक्रम बमोजिम यस प्रयोजनका लागि एक पटक राहतको रूपमा नगद प्राप्त गरेको परिवार।

यससँग सम्बन्धित अन्य जानकारी नेपाल सरकार अर्थ मन्त्रालयको वेबसाइट www.mof.gov.np र सम्बन्धित स्थानीय तहको वेबसाइटमा समेत उपलब्ध रहेको व्यहोरा जानकारी गराइन्छ।